# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १८ गते २०२६ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०२६।८।२० को निर्णय बमोजिम न्याय सेवाका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली २०२१ को नियम १०.१ (५) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको छ ।

१. श्री रामहरी शर्मा तिमिल्सिना, जिल्ला न्यायाधीश, (रा.प. द्वितीय श्रेणी) पर्वत जिल्ला अदालत ।

२. श्री कृष्णलालदेव वैश्य, जिल्ला न्यायाधीश, (रा. प. तृतीय श्रेणी) बाग्लुंग जिल्ला अदालत ।

३. श्री गोपीकृष्ण त्रिपाठी, जिल्ला न्यायाधीश, (रा. प. तृतीय श्रेणी) तनहूं जिल्ला अदालत ।

४. श्री वासुदेव पाण्डे, जिल्ला न्यायाधीश, (रा. प. तृतीय श्रेणी) कास्की जिल्ला अदालत ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

232



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

कानून किताव (व्यवस्था र वितरण) आदेश २०२१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०२६।८।१ देखि कानून किताव व्यवस्था समितिको सदस्य सचिवमा उ. स. श्री हरिप्रसाद शर्मालाई नियुक्त गरेको छ ।

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

५३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १८ गते २०२१ साल ।

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसुधार विभागका निर्देशक श्री कालीप्रसाद रिजाल भूमिसुधार मूल्यांकन अध्ययन तालीमको निमित्त संयुक्त राज्य अमेरिकामा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहि गर्ने अधिकारीले भूमि विभागका उप–निर्देशक श्री राम-बहादुर के.सी. लाई मिति ०२१।७।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

५३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।